# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, माघ २४ गते, २०७८ साल (अतिरिक्ताङ्क ३९

## भाग ३

### प्रदेश सरकार

## कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/१०/२४ को निर्णयानुसार “प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची हेरफेर” सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्वन्धी ऐन,२०७५ को दफा १९ वमोजिम प्रदेश सरकारले उक्त ऐनको अनुसूचीमा देहाय वमोजिम हेरफेर गरेको छ ।

१. अनुसूची १ को पदाधिकारी तथा सदस्यको सुविधा शिर्षक टेवलको छैठौं कोलम शिर्षकमा रहेको “सभापति,सत्ता पक्षको प्रमुख सचेतक र विपक्षी दलका प्रमुख सचेतक” भन्ने शव्दहरुको सट्टा “सभापति,सत्ता पक्षको प्रमुख सचेतक,विपक्षी दलको प्रमुख सचेतक,दलको नेता र दलको प्रमुख सचेतक” भन्ने शव्दहरु राखिएका छन ।
२. अनुसूची १ को सातौ कोलम शीर्षकमा रहेको “दलको नेता/दलको प्रमुख सचेतक” भन्ने शव्दहरु झिकिएका छन ।
३. अनुसूची १ को द्रस्टव्यको क्रमसंख्या २ मा रहेको “दलको नेता ,दलको प्रमुख सचेतक,”भन्ने शव्दहरु झिकिएका छन ।
४. अनुसूचि २ को निजी सचिवालय र स्वकीय कर्मचारी सुविधा शिर्षक टेवलको सातौ कोलम शीर्षकमा रहेको “सभापति,सत्तापक्षको प्रमुख सचेतक/विपक्षी दलको प्रमुख सचेतक” भन्ने शव्दहरुको सट्टा“सभापती, सत्तापक्षको प्रमुख सचेतक/ विपक्षी दलको प्रमुख सचेतक,दलको नेता र दलको प्रमुख सचेतक भन्ने शव्दहरु राखिएका छन ।
५. अनुसुची २ को आठौं कोलम शिर्षकमा रहेका “दलको नेता,दलको प्रमुख सचेतक”, भन्ने शव्दहरु झिकिएका छन”।

आज्ञाले,
राजेन्द्र थापा
कानून सचिव



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय